नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ग्रामिण विकास समन्वय शाखा)
सिंहदरबार, काठमाडौं
फोन: ४२००५११, ४२००३०४
इमेल: lbss_mid@yahoo.com

पत्र संख्या:- ०७३/७४

चलानी नं.:- २.१.१.(२१)

मिति:- २०७३/११/२४

विषय: सघन अनुगमनको निर्णय कार्यान्वय सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै (७५ वटै) ।

प्रस्तुत विषयमा, मन्त्रालयको सघन अनुगमन टोलीबाट मिति २०७३ माघ १८ देखि २४ गतेसम्म भएको अनुगमन प्रतिवेदनमा औंल्याइएका देहाय बमोजिमका बुँदाहरू कार्यान्वयन गरी सम्बन्धित पदाधिकारीहरूलाई प्रचलित कानुन बमोजिम कार्वाही गर्नुपर्ने भए सो समेत गर्न र सो को जानकारी अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउन हुन नेपाल सरकार (सचिवस्तर) मिति २०७३/११/११ को निर्णयानुसार अनुरोध छ।

निर्णय:

१. बहालवाला कर्मचारीको नाममा रहेको म्याद नाघेको असुल गर्नुपर्ने पेश्की आगामी एक महिनाभित्र निजले पाउने तलब भत्ताबाट असुल उपर समेत गरी फछ्र्यौट गर्न सबै स्थानीय निकायलाई निर्देशन दिने । कागज प्रमाण पेश गरी फछ्र्यौट गर्ने पेश्कीको हकमा एक महिनाभित्र कागज प्रमाण पेश गर्न लगाई हेरी जे गर्नुपर्ने हो सो गर्न समेत सबै स्थानीय निकायलाई निर्देशन दिने ।

२. गाउँ विकास समिति तथा गाउँ परिषद्ले गरेका निर्णयहरू जिल्ला विकास समितिले अध्ययन गरी आवश्यक निर्देशन दिने तथा निर्णयको अभिलेख व्यवस्थित गरी सबै जिल्ला विकास समितिमा राख्ने व्यवस्था मिलाउन सबै जिल्ला विकास समितिहरूलाई निर्देशन दिने ।

२०७३/११/२४
(डाल विक्रम कँडेल)
शाखा अधिकृत

बोधार्थ:

श्री अनुगमन तथा मूल्याङ्कन महाशाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

श्री सूचना तथा विद्युतीय शासन शाखा: मन्त्रालयको website मा राखिदिने व्यवस्था हुन अनुरोध छ ।